# भूमे साप्ताहिक

**वर्ष ६ अङ्क १२ २०८१ भदौ ०२ आईतबार**



## सम्पादकीय

# बाढी पहिरोबाट सतर्क रहौं

देश भरी मनसुन सक्रिय कायममै छ। देशका विभिन्न स्थानमा बाढी पहिरो जाने हुँदा भौतिक तथा मानवीय क्षति भइरहेको छ। विशेष गरी नदी तटीय क्षेत्रका बासिन्दाको जनजीवन कष्टकर बनेको छ। भने हाम्रो जस्तो पहाडी क्षेत्रमा पहिरो उच्च जोखिम रहेको छ। ठूला पहिरोले गर्दा रुकुमपूर्वमा बाढी पहिरोको जोखिममै रहेको छ। भौगोलिक हिसाबले दुर्गम पहाडी भेगमा पहिरो झरी रहेकोले अतिआवश्यक बाहेकको सयममा आवतजावत नगरौं। पहाडका धेरै स्थानमा प्राय: जसो रातिको समय पहिरो जाने हुँदा घरमा बस्दा परिवारका सदस्य समूहमा बस्ने र समूहमा बस्दा एकअर्कालाइ सहयोग गरौं।

सम्भव भएसम्म सञ्चार माध्यम र सूचना प्रवाह गर्ने निकायसँग नियमित सम्पर्कमा बसौं। यसले घटना भएमा समयमै उद्धारसँगै राहत विरणमा समेत सघाउ पु¥याउँछ। गाउँपालिकाले विपद् व्यवस्थापनका लागि पूर्व तयारीका लागि आवश्यक्ता पर्ने सामग्रीहरू तयारी अवस्थामा राखेको छ। ग्रामीण सडकहरू पनि पूर्ण रूपमा अवरुद्ध हुँदा तत्काल समस्या भएमा तुरुन्तै खबर गरौं। भनिन्छ विपद् बाजा बजाएर आउँदैन दिउँसोको समयमा चर्को घाम लाग्यो भन्दैमा खोलाले बगाएर ल्याएको दाउरा सङ्कलन गर्ने, माछा मार्न जाने जस्ता कार्यहरू नगरौं।

आफैं सजक भइएन् भने अकालमा नै ज्यान जान सक्छ। टाढाको यात्रा गर्दा रातको समयमा हिड्ने कार्य बन्द गरौं। समयमै आफैं ध्यान र सजक बन्न सकियो भने विपत्तिबाट बच्न सकिन्छ। घर नजिकै रहेका झार, जंगल सफा गरियो भने किरा फटयाङ्ग्रा र सर्पको तोकाईबाट बच्न सकिन्छ। विभिन्न रोगहरू लाग्ने समय पनि आजभोलिको समय हो। खानपानमा विशेष ध्यान दिऔं। साथै घरआँगन, टोल, गाउँ र वरिपरिको वातावरण सफा राख्ने गरौं।




**प्रकाशक**

**भूमे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खाबाङबगर, रुकुम (पूर्व)**

**लुम्बिनी प्रदेश नेपाल**

# बिनाब्याजमा शैक्षिक ऋण लिन भूमे गाउँपालिकाको आह्वान

### *हरेक वर्ष विद्यार्थीलाई शैक्षिक ऋण दिन जोड*




रुकुमपूर्वको भूमे गाउँपालिकाले बिनाब्याजमा शैक्षिक ऋण लिनका लागि एक सूचना मार्फत आह्वान गरेको छ। गाउँपालिकाले सूचना मार्फत विद्यार्थीको शैक्षिक प्रमाणपत्र धितो राखेर बिनाब्याज शैक्षिक ऋण दिनका लागि सबै विद्यार्थीका लागि आह्वान गरेको हो। गाउँपालिकावासीका विपन्न घर परिवारका विद्यार्थी र उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीका लागि शैक्षिक योग्यता प्रमाणपत्रको धितो राखेर बिनाब्याज शैक्षिक ऋणको व्यवस्था विगतको वर्ष देखि नै गर्दै आएको छ। भूमे गाउँपालिकाले शैक्षिक ऋण र छात्रवृति दिन चालु आर्थिक वर्ष २०८१/०८२ मा आवश्यक कागजात सहित वडा कार्यालयमा निवेदन पेश गर्न गाउँपालिकाले सूचना प्रकाशन गरिएको भूमे गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले जानकारी दिनुभयो।

अहिलेसम्म शैक्षिक ऋण लिएर पढ्ने विद्यार्थी जम्मा ८ जना रहेका छन्। गाउँपालिकाले सकेसम्म कसै पनि विद्यार्थी उच्च शिक्षा पढ्न नछुट्न भन्ने उद्देश्य रहेको बिकले जानकारी दिनुभयो। शैक्षिक ऋण लिएर अध्ययन गरेको विद्यार्थीले अध्ययन पूरा गरेको एक वर्षमा २५ प्रतिशत, दुई वर्षमा ५० प्रतिशत, तीन वर्षमा ७५ प्रतिशत र चार वर्षमा ऋण चुक्ता एवं एकमुष्ट ऋण तिरिसक्नुपर्ने प्रमुख प्रशासकीय अधिकृत बिकले बताउनुभयो। आर्थिक अभावका कारण कुनै पनि विद्यार्थी पढाइबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गाउँपालिकाले विद्यार्थीको शैक्षिक प्रमाणपत्रका आधारमा बिनाब्याज ऋण र छात्रवृत्ति प्रदान गर्ने व्यवस्था ल्याइएको हो।

विद्यार्थीलाई राम्रोसँग पढाएर गाउँपालिका भित्र नै उच्च शिक्षा र प्राविधिक धारतर्फ जनशक्ति उत्पादन गर्ने मुख्य उद्देश्यले बिनाब्याज शैक्षिक ऋण र छात्रवृत्ति कार्यक्रम सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

# युद्ध स्मारिका अवलोकन गर्न आउने संख्या बढ्दो, आयस्रोत भित्रिदैँ






❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिका—६ स्थित महतमा रहेको युद्ध स्मारिकालाई भूमे गाउँपालिकाको लगानीमा जनयुद्धका लडाकुहरूको स्याण्ड मोडल तयार गरिएको छ। अहिले युद्ध स्मारिका घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दो रहेको छ। युद्ध स्मारिका अवलोकन गर्नेहरूबाट प्रवेश शुल्क लिने गरिएको छ। उक्त प्रवेश शुल्कबाट स्मारिकाबाट आम्दानी भइरहेको छ।

युद्ध स्मारिका रेखदेख र प्रवेश शुल्क संकलन गर्ने दुई जना व्यक्ति राखिएको छ। पर्यटकबाट युद्ध स्मारिका व्यवस्थापन समितिले स्मारिका संरक्षण तथा व्यवस्थापन लागि प्रवेश शुल्क लिने गरिएको युद्ध स्मारिका व्यवस्थापन समितिका अध्यक्ष कमल बुढाले बताउनुभयो। गत वर्ष २०८० कार्तिक २५ गते देखि प्रवेश शुल्क लिने गरिएको छ। प्रवेश शुल्क ६ वर्ष देखि ६० वर्ष सम्मका उमेर समूहका लागि प्रति व्यक्ति २० रुपियाँ र ५ वर्ष मुनिका बालबालिका र ६० वर्ष उमेर माथिका ज्येष्ठ नागरिक, शहीद परिवार, घाइते, अपांग, सञ्चारकर्मी र जनप्रतिनिधिका लागि भने शुल्क नलाग्ने समितिका संयोजक बुढाले जानकारी दिनुभयो।

गत आर्थिक वर्षमा महत युद्ध स्मारिका अवलोकन गर्न चार हजार दुई सय ३९ जना पर्यटक आएका छन्। रुकुम पश्चिम, रोल्पा, दाङ, बागलुङ्ग, कालिकोट र जुम्लाबाट अवलोकन गर्न आएका छन्। गत कार्तिक देखि गएको असार सम्म प्रवेश शुल्कबाट ८३ हजार दुई सय ६० रुपियाँ संकलन भएको बुढाले बताउनुभयो। त्यही संकलन रकमबाट त्यहाँ खटाइएको दुई जना कर्मचारीलाई थोरै भए पनि पारिश्रमिक दिने गरिएको छ।

# लगातार वर्षाका कारण ग्रामीण सडक अवरुद्ध

## *बाह्रै महिना सडक सञ्चालन नहुँदा आउजाउ र ढुवानीमा सास्ती*

❖ बालाराम शेर्पाली



रुकुमपूर्वमा जिल्ला भर वर्षाका कारण ग्रामीण तथा कृषि सडक अवरुद्ध भएको छ। पहिरोले सडक अवरुद्ध हुँदा पैदलयात्री तथा सवारी साधनलाई आवतजावत गर्न समस्या भएको हो। रुकुमपूर्वको तीन वटै स्थानीय तहका विभिन्न ग्रामीण तथा कृषि सडक अहिले पूर्ण रूपमा अवरुद्ध छन्। केही दिन यता लगातार परेको वर्षाले भूमे गाउँपालिका — ९ चुनबाङ र भूमे - ८ कुचिबाङ, सिमखोला, भूमे —६ रुन्ची, नाखे, तामारी, खाम्दै, महत सडक खण्ड अवरुद्ध नै छ। यसैगरी भूमे — ७ गुनाम - लाबाङ, भूमे — ५ दालिबाङ, मछैना, भूमे — २ गाबाङ, आरुडाँडा, भूमे —३ मोराबाङ, क्याङसी, झुम्लाबाङ लगायत पालिका भित्र रहेका ग्रामीण तथा कृषि सडक पहिरोले अवरुद्ध भएका छन्। ग्रामीण क्षेत्रका मुख्य सडक स्तरोन्नति हुन नसक्दा जीर्ण बनेका हुन्। जीर्ण सडक वर्षाका बेला क्षतविक्षत बन्दा नागरिकले सास्ती खेप्नुपरेको छ।

कतिपय मुख्य सडकमा पनि खाडल भएको हुँदा यात्रा गर्न निकै असहज भइरहेको नागरिकको गुनासो छ। कतै सडकमा पहिरो झर्दा त कतै सडक नै भासिदा अवरुद्ध हुने गरेका छन्। वर्षेनी वर्षायाममा ग्रामीण सडक अवरुद्ध हुने र वर्षातको सयममा यातायातका साधन सञ्चालन नहुँदा आजभोलि गाउँमा बिरामी परेमा तत्काल स्वास्थ्य संस्थासम्म पु¥याउन निकै मुस्किल हुने गरेको सोही वडाका अर्का स्थानीय पूर्णबहादुर बिकले बताउनुभयो।



बाह्रै महिना सञ्चालन नहुँदा वर्षायाममा खाद्यान्नका सामग्री दाल, चामल, तेल लगायत घर सम्म ल्याउन निकै मुस्किल हुने गरेको भूमे—३ क्याङ्सीका कमारी सुनारले गुनासो व्यक्त गर्नुभयो। ग्रामीण सडक खुलाउनको लागि भूमे गाउँपालिकाले प्रयास गरे पनि निकै नै कठिन हुने गरेको छ। लगातार वर्षा भइरहेकोले अवरुद्ध सडक सुचारु गरे पनि पुनः पहिरो आइ सडक अवरुद्ध हुने गरेको छ।

स्थानीयलाई आवातजावत गर्न, खाद्यान्न ढुवानी गर्न र बिरामीलाई स्वास्थ्य संस्थासम्म पु¥याउन समेत समस्या हुने गरेको भूमे — ३ का स्यामलाल थापाले बताउनुभयो। हिउँदमा सडक सञ्चालन हुने तर वर्षातको समयमा अवरुद्ध हुने हुँदा सास्ती भोग्नु परेको थापाको भनाइ रहेको छ।

तर गाउँपालिकाले अवरुद्ध सडक सञ्चालनमा ल्याइ पनि केहि समयमै पुनः पहिरोले सडक अवरुद्ध गर्ने गरेको भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। त्यस कारण तत्काल समस्याको समाधान गर्न सक्ने अवस्था नरहेको गाउँपालिका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो। अध्यक्ष श्रेष्ठले भन्नुभयो, “नागरिक समस्यालाई बुझेर सडक खुलाउने गाउँपालिकाको चाहाना हो। लगातार वर्षाको कारण सडक खुलाउन नसकिए पनि अब दशैतिहार अघि पूर्ण रूपले सडक सुचारु गरिने छ।”

# भूमे गाउँपालिकालाई चार लाख बढीको औषधि सहयोग




❖ बालाराम शेर्पाली

यूनाइटेड मिसन टु नेपाल रुकुमपूर्व कलष्टर र नेपाल जनजागरण मञ्च संस्थाको साझेदारीमा सञ्चालित सामुदायिक रुपान्तरण परियोजना अन्तर्गत भूमे गाउँपालिकालाई मानसिक स्वास्थ्यसँग सम्बन्धीत बिरामीको सहजताको लागि चार लाख रुपियाँ भन्दा बढीको ३६ प्रकारको औषधि हस्तान्तरण गरेको छ। नेपाल जनजागरण मञ्च रुकुमपूर्वले २०७८ साल देखि भूमे गाउँपालिकाका ९ वटै वडासँगै पुथाउत्तरगंगा गाउँपालिका—७, ८, १२ र १४ मा स्वास्थ्य आमा समूह, विद्यालय स्वास्थ्य संस्था पालिकामा मानसिक स्वास्थ्यको बारेमा विभिन्न तालिम गोष्ठी अभिमुखीकरण तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्दै आएको नेपाल जनजागरण मञ्च रुकुमपूर्वका हस्त भाग्रीले जानकारी दिनुभयो।

मंगलबार एक कार्यक्रमका बीच भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठलाई मानसिक स्वास्थ्यसँग सम्बन्धीत चार लाख रुपियाँ भन्दा बढीको ३६ प्रकारको औषधि हस्तान्तरण गरिएको भाग्रीले बताउनुभयो। उहाँले भन्नुभयो, "समय समयमा दुई पालिकाका नागरिकलाई रोग पहिचान गर्न काठमाण्डौंबाट विशेषज्ञ डाक्टर लिएर शिविर सञ्चालनसंगै गाउँपालिका भित्र रहेमा मानसिक स्वास्थ्य बिरामीलाई दैनिकी जिविकोपार्जनमा सहजताको लागि व्यवसायी सञ्चालनका लागि लगानी तथा तालिम प्रदान गरिरहेको र यस वर्ष पनि यस्ता कार्यक्रम धेरै रहेको छ।" ३६ प्रकारको औषधि बुझ्दै गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले जनजागरण मञ्च रुकुमपूर्वले सिङ्गो भूमेली जनता अर्थात् गाउँपालिका प्रति देखाएको यो सद्भाव तथा सहयोगले स्थानीय सरकारलाई जनता सामु काम गर्न र आगामी दिनमा पनि यस्ता सहयोगका लागी आशा, उपेक्षा गरेको बताउनुभयो। संस्थाले गरेको काम प्रति सन्तुष्ट रहेको पालिका अध्यक्षले बताउनुभयो। नेपाल जनजागरण मञ्च रुकुमपूर्वका सामुदायिक रुपान्तरण परियोजना स्वास्थ्य अधिकृत हस्त भाग्री र जीविकोपार्जन परियोजना अधिकृत खिमसरा पुनले गाउँपालिकामा पुगेर गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठ तथा गाउँपालिका परिवारलाई औषधि हस्तान्तरण गर्नुभएको थियो।

# सामुदायिक वन उपभोक्ता समूह बिच अन्तरक्रिया

रुकुमपूर्वको भूमे गाउँपालिकामा स्थानीय महासंघ र सामुदायिक वन उपभोक्ता समूह बिच अन्तरक्रिया कार्यक्रम गरिएको छ। सामुदायिक वन उपभोक्ता महासंघ नेपाल रुकुमपूर्वको आयोजनामा स्थानीय महासंघ र सामुदायिक वन उपभोक्ता समूह बिच महासंघका सवाल, संरचना, लेखा तथा पाना नम्बर सम्बन्धी गाउँपालिका कार्यालय खाबाङ बगरको सभाहलमा कार्यक्रम गरिएको हो। जिल्ला वन महासंघका अध्यक्ष बिष्णु देवकोटाको अध्यक्षतामा सुरु भएको उक्त महासंघका सवाल, संरचना, लेखा तथा पाना नम्बर सम्बन्धी अन्तरक्रिया कार्यक्रममा भूमे गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देबिलाल बिकको प्रमुख आतिथ्यता रहेको थियो। महासंघका उपाध्यक्ष शुसिला दाहालले स्वागत मन्तव्य राख्नुभएको कार्यक्रमको सञ्चालन महासंघका सहसचिव निरजङग केसीले गर्नुभएको थियो।

# प्रअ र लेखा शिक्षकलाई लेखा प्रणाली तथा जिन्सी सम्बन्धी तालिम




❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपालिकामा गाउँपालिका भित्र रहेको ३५ वटा विद्यालयका प्रधानाध्यापक र लेखा शिक्षकलाई दुई दिने सार्वजनिक जिन्सी खरिद व्यवस्थापन र लेखा सम्बन्धी तालिम दिइएको छ। गाउँपालिकाको आयोजनामा दुई दिने तालिम शुक्रबार सकिएको हो। दोहोरो लेखा प्रणाली अनलाइन माध्यमबाट कसरी व्यवस्थापन गर्ने, सरकारी मालसामान खरिद गर्ने, आम्दानी खर्च सम्बन्धी तालिम दिइएको गाउँपालिकाले जनाएको छ। कार्यक्रममा बोल्दै भूमे गाउँपालिकाका अध्यक्ष होमप्रकाश श्रेष्ठले तालिमले शिक्षकको कार्य सम्पादनमा सहज पुग्ने बताउनुभयो। विगतमा समय समयमा शिक्षकलाई क्षमता विकासका लागि तालिम प्रदान गरिएको र आगामी दिनमा पनि त्यसलाई निरन्तरता दिने अध्यक्ष श्रेष्ठले बताउनुभयो। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिकले यस तालिमले शिक्षकको कार्य क्षमतामा उर्जा थप्ने बताउनुभयो। बिकले भन्नुभयो, "विद्यालयमा राज्यको सम्पत्ति धेरै रहेको हुन्छ। जिन्सीमा दर्ता भएको देखिदैन्।" आगामी दिनमा उक्त काम गर्नमा शिक्षकलाई सहज हुने उहाँको भनाइ छ। उक्त तालिमको प्रशिक्षण गाउँपालिका लेखा अधिकृत गणेश ओली, जिन्सी शाखा प्रमुख बिरबहादुर केसी, सूचना अधिकृत जनक ओली र शिक्षा शाखाका सहायक टेकबहादुर बुढाथोकीले दिनु भएको थियो।

# आन्तरिक तथा बाह्य पर्यटकको मन लोभ्याउदै चौंरी खर्क




❖ बालाराम शेर्पाली

रुकुमपूर्वको भूमे गाउँपलिका– २ खाबाङ देखि सुरु भएको यात्रा मध्यपहाडी लोकमार्ग र सहिद मार्गको संगमस्थलमा रहेको पहाडी भूगोलमा काँक्रीको आफ्नै ऐतिहासिक भौगोलिक, धार्मिक राजनीतिक र सामाजिक महत्व तथा विशेषता छुट्टै रहेको छ। साउनको महिना सिमसिमे पानी परिरहेको रहेको थियो।

यात्रा अगाडि बढ्दै रहेको थियो। आजभोलि लेकाली भाग अत्यन्तै रमणीय बुकी चौंरी लेकको यात्रा तय हुन्छ। प्राकृतिक तथा भौगोलिक सुन्दरताले भरिपूर्ण पर्यटनको राम्रो आधार क्षेत्र जसलाई पर्यटन प्रवद्र्धन गर्न भूमे गाउँपालिकाले आन्तरिक तथा बाह्य पर्यटकको लागि सहज होस् भनेर रुकुमपूर्व र




बाग्लुङको सिमाना पातीहाल्ने देखि कोइपाबा सम्म मोटर बाटो सहज बनाएको छ।सिमसिमे पानीसँगै माडिएको कुहिरोमा रंगीविरंगी फूलहरू निहाल्दै पुगिन्छ चौंरी लेक त्यहाँ पुग्ने वितिकै मन मान्दैन चारै तिर नहेरी फूल देखेपछि सबैको मन हुरुक्क हुन्छ।चुमौचुमौ र रमणीय ठाउँमा फूलको वरिपरि डुलिरहेका माहुरी पुलतीको दृश्य अवलोकन गर्दै गर्दा क्यामेराले पुलती र फूलको दृश्य खिच्न थालियो।दिउँसोको दुई बज्न घडीको सुई आफ्नै गतिमा घुम्मदै थियो।

भने आकास केहि सम्म खुले पश्चात् समुन्द्र सतह देखि ४ हजार ४ सय मिटर उच्चाई रहेको चौंरी लेक देखि हिमालहरूको अर्को सुन्दरता देख्दै गर्दा मन झनै उत्सुकताले उमङ्ग भयो।ढोरपाटन शिकार आरक्ष क्षेत्रमा रहेको पश्चिमतिर पुथाउत्तरगंगा गाउँपालिकामा रहेका विभिन्न गाउँहरू, दक्षिणमा रोल्पाको चर्चित धार्मिक तथा पर्यटकीय स्थल जलजला, जन्तरे, कोठी भिरलगायत प्यूठानका विभिन्न ठाउँहरूको नाम सुनेको थिए तर अवलोकन गर्न भने सकेको थिएन्।चौंरी लेक पुगेसंगै विभिन्न स्थानहरु निहाल्दा समथर भू—भाग उच्च पहाडसम्म फैलिएको क्षेत्रमा अनगिन्ती धार्मिक तथा पर्यटकीय गन्तव्यले जो कोहिको मन चंगा बनाईदिन्छ मनमा भएको हरेक पिडा भुलाउन सकिदो रहेछ भूमे गाउँपालिका—४ काँडाका सुन्दर बुढा मगरले बताउनुभयो।

साझपख खर्कमा भेडाको हुल फर्कदै थिए।पानीले लुथुरक्क भिजेका बेला कपडा भेडी गोठाला बुढापाखाहरु त्रिपालले बारेका गोठमा चौंरी लेकको बिचको फेडमा जेठ महिनाको पहिलो हप्ता लाग्नासाथ बेंसीबाट लेक चढेका गोठालाहरु करिब ५ सय हाराहारी लिएर बुकी लागेका सतबहादुर गुरुङसंग भेट भयो।उमेरले ६२ वर्षीया पुगेका गुरुङसंग केहि भलाकुसारी गर्ने अवसर मिल्यो।बाउबाजेले गर्दै आएको पेशा आफूले अँगाल्दै आएको छु।




कृषि र पशुपालन भन्दा अरु विकल्प नभए पछि भेडा पालनमा लागेको उहाँले सुनाउनुभयो। जमाना फेरिँदै गएसँगै मान्छेहरूले आफ्नो पेशासमेत फेर्दै आएको छोरा नातिले पशुपालनमा चासो नदिँदा भेडापालन व्यवसाय सङ्कटमा पर्न थालेको उहाँले बताउनुभयो। गुरुङले भन्नुभयो, "जुग जमानाअनुसार होला अहिलेका छोराछोरीहरु गोठमा काम गर्न मान्दैनन् उति बेलाको हाम्रो पालमा पढाइ लेखाइको भनेको के हो थाहै थिएन। हाम्रो समयमा पढ्ने उमेरमा लेकमा गाई, भैंसी, भेडाबाख्रा चराउन बाउ बाजेसँग जान्थेयौं।"

पूर्वाधार निर्माण नहुँदा धेरै सम्भावना बोकेका ती गन्तव्य ओझेलमा परेका छन्। स्थानीय सरकार आएपछि केही परिवर्तन भने हुन थालेको छ। चौंरी लेकमा पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढ्दो छ। प्रचारको अभावमा ओझेलमा परेका धार्मिक तथा पर्यटकीय क्षेत्रको विकास तथा प्रवद्र्धनका लागि भूमे गाउँपालिकाले पर्यटकीय महत्वको स्थान चौंरीखर्कलाई व्यवस्थित गर्न थालिएको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो। यस लेकमा खासगरी वर्षायाममा पशु चराउन र यस स्थानमा बुकी लगायतका विभिन्न जातका फलफूल फूल्ने भएकाले अति रमणीय हुनुका साथै यो भूभाग अग्लो स्थानमा रहेकाले चारैतिर देख्न सकिन्छ। चौंरी लेक हिउँद याममा हिउँले छोपिने यो लेक वर्षायाममा रंगीविरंगी फूलहरूमा मन भुलाउन सकिने भएकोले पर्यटकको रोजाईमा पर्न सफल भएको छ।

# बालबालिकाको भविष्य निर्माता हौं भनी चासोका साथ सबै लाग्नु पर्दछ, एकअर्का प्रति दोष देखाएर केही हुनेवाला छैन् : प्रमुख तिवारी

भूमे गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख कौशलकुमार तिवारी



**भूमे गाउँपालिका भित्र रहेका विद्यालयको समग्र अवस्था कस्तो छ ?**

स्थानीय तह स्थपना २०७३ सालमा भयो। म यस गाउँपालिका २०७६ साल देखि यहाँका नागरिकलाई शिक्षा युवा तथा खेलकुद शाखा देखि सेवा दिदैं आएको छु। अहिलेसम्म सामुदायिक विद्यालयको अवस्था राम्रो रहेको छ। विद्यालयमा दक्ष, सक्षम ज्ञान भएका शिक्षकले पठनपाठन गरिराखु भएको छ। गाउँपालिकामा ३५ वटा सामुदायिक विद्यालय छन्। ती मध्य ८ वटा मावि, कक्षा १—८ आधारभूत तह र बाल शिक्षा गरेर २७ वटा रहेका छन्। गाउँ गाउँमा नै विद्यालय खोलिएको छ। बालबालिकाले आफ्नै घर आँगन देखि गुणस्तरीय शिक्षा भरपुररुपमा पाइरहेका छन्।

**२०८० सालको नतिजा कस्तो देखियो ?एसइईमा दुई विद्यालयको नतिजा शुन्य आउनुको कारण के हो ?**

विगतका वर्षमा भूमेको नतिजा राम्रो थियो। अहिले पनि सन्तोसजनक नै छ। भूमे गाउँपालिकाको दुई विद्यालयको नतिजा मात्र शुन्य होइन् यो नतिजा माध्यमिक शिक्षा कक्षा १०को देशभरी कै हो। नतिजा शुन्य हुनुको कारण भनेको सर्वप्रथम त शिक्षकको दोष हो। भनेको समयमा नियमित पठनपाठन नहुनु, विद्यार्थीको भविष्य बनाइ दिने प्रति चासो भन्दा आफ्नो भविष्य बनाउन तर्फ शिक्षक लागेका छन्। महिनौ लगाएर विद्यालय भन्दा टाढा गएर लोकसेवा तयारी गर्दा समयमा नै कोर्स पूरा भएको हुदैंन्। शिक्षकले गरेका दोष विद्यार्थीलाई पढाईमा ध्यान दिदैनन् भन्ने भाव शिक्षकले छरिरहेका छन्। जन्म बाबाआमाले दिएको हुन्छन् भने शिक्षा सम्पूर्ण बालबालिकालाई नेपाल सरकारले निःशुल्क दिने हो। सरकारले लगानी गरेर गाउँ गाउँमा विद्यालय सञ्चालन गरेको छ। तर शैक्षिक अवस्था

निक नै खस्किदो छ। विद्यालयलाई राम्रो बनाउनको लागि अभिभावक, विद्यालय व्यवस्थापन समिति र सरोकारवालाको ध्यान केन्द्रित हुन आवश्यक रहेको छ। चरम लापरबाही गर्ने शिक्षकलाई कानुनको डाइरामा लिन जरुरी रहेको छ। विद्यार्थीले पढाउँदा बुझेनन् भने कसरी पढाउन सोच भन्दा उल्टै गालीगलोज गरेर दवाव सिर्जना गर्ने वातावरण रहेको देखिन्छ। विद्यार्थीले पढाएको नबुझ्दा नतिजा शुन्य हुन स्वाभाविक हो। १० वर्षको लगानी र मेहनत माध्यमिक शिक्षा कक्षा १० ले देखाउने हो। जग नै बलियो नभए पछि विद्यार्थीको भविष्य कतै अब सरोकारवाला निकायले ध्यान नदिदा ओझेलमा पर्ने हो कि भन्ने तरासमा रहेको छ।

**विद्यालय हाता भित्र शिक्षकले मदिरा सेवन गरेर आउने गरेको अभिभावक गुनोसो छ ? तपाईहरूले किन ध्यान दिनु हुदैन् ?**

शिक्षक भनेको आफू जलेर बालबालिकालाई उज्यालो प्रकाश दिन शक्ति रहेको हुन्छ। भूमेका केही विद्यालयमा यस्ता खालका विषयहरूमा बाहिर कुरा सुनिएको छ। जुनसुकै व्यक्तिको गल्ती हुन्छ। एक पटक भएको गल्तीलाई सुधर्ने अवसर दिनुपर्छ। अझैसम्म यस कार्यालयमा निवेदन परेको छैन्। मदिरा सेवन गरेर विद्यालय आएको पुष्टि भएमा अथवा विद्यालय समयमा पटकपटक मदिरा पिएर पठनपाठनमा बाधा पु¥याएपछि शिक्षकलाई सेवाबाट बर्खास्त गर्न सकिने व्यवस्था विद्यालय शिक्षा सम्बन्धी विधेयकले गरेको छ। गाउँपालिकाले पनि कारबाही अवश्य गर्छ।

**अब कसरी गर्ने शिक्षा सुधार ? कस्तो कदम चाल्नु भएको छ ?**

शिक्षा भनेको जीवनपर्यन्त निरन्तर चलिरहने प्रक्रिया हो। जसमा बौद्धिक, सामाजिक, आर्थिक, नैतिक तथा व्यक्तिको सर्वाङ्गीण विकास हुने गर्दछ। शिक्षाले अन्धकार हटाएर उज्यालो तर्फको यात्रामा अघि बढाउन शिक्षा सबैभन्दा शक्तिशाली हतियार हो। विद्यालयमा भएका गल्ती र कमीकजोरीलाई नियालेर जानु पर्छ। शिक्षाले नै हरेक व्यक्तिको जीवनस्तर उकास्नका लागि मद्दत पु¥याउँदछ। गलत अर्थ नलागोस् सर्वप्रथमत सामुदायिक विद्यालय भन्ने बित्तिकै गरिब पढ्ने विद्यालय भन्ने समाजको बुझाइ छ। तर सरकारको धेरै लगानी रहेको छ। गरिरहेको छ। अधिकांश सामुदायिक विद्यालयको चित्र, कल्पना गर्दा पहिलो नम्बरमा आउँछ। त्यहाँको भौतिक संरचना जो असाध्यै पुराना र जीर्ण अवस्थाका थिए भने अहिले स्थानीय सरकार स्थापना भएसंगै भौतिक संरचना निर्माण हुदै गरेको छ। गाउँपालिकाले शिक्षा तर्फ निकै जोड दिएको छ। यस वर्षको नतिजाले शिक्षकलाई राम्रो पाठ सिकाएको छ। **किन शिक्षा कमजोर भयो ? कारण के हो ?** भनेर समीक्षा गरेका छौं। त्यहाँ धेरै प्रश्न खडा भएको छ। विगतको भन्दा

धेरै शिक्षा सुधार गर्ने अपेक्षा गरिएको छ। विभिन्न कारण छन्। जसमध्ये सबैभन्दा बढी प्रभाव पारेका विषयवस्तुहरू खोतल्दै जाने र शिक्षकहरू राजनीति गर्न नभई अध्यापन गराउने सकारात्मक सोचका साथ विद्यालयमा प्रवेश गर्नुपर्छ। विद्यालयको प्रधानाध्यापक तथा सम्पूर्ण शिक्षकहरू विद्यार्थीको असल भविष्यप्रति सकारात्मक सोच लिएर चिन्तित भएर आउनुपर्छ। मनैदेखि विद्यालय सुधार गर्ने इच्छाशक्ति बोकेर अघि बढ्ने हो। ने सामुदायिक विद्यालयमा आमूल परिवर्तन हुन्छ। सामुदायिक विद्यालयहरूको शैक्षिक हाम्रो देशको समग्र शैक्षिक अवस्थामा सुधार आउनेछ।

**विद्यालयमा अनुगमन कतिको गर्नु हुन्छ ? त्यहाँ कस्ता खालको गतिविधि देखियो ?**

हामी यस कार्यालय देखि समय समयमा अनुगमनमा जाने गरेका छौं। विद्यालयमा सबै नराम्रो गतिविधि भन्ने मात्र हुदैन्। राम्रो पक्ष पनि छन्। कुनै विद्यालय व्यवस्थापकीय अनुशासन असल शिक्षा सिकी रहेका छन्। अनुगमनमा खेदिएको कमीकमजोरीलाई सम्बन्धीत निकायमा तत्काल छलफल गरेर अगाडि बढ्ने गरेका छौं।

**आर्थिक वर्ष २०८१/०८२ को शिक्षा तर्फ योजनाहरू कस्तो बनाउनु भएको छ ?**

यहाँले निकै नै राम्रो प्रश्न उठाउनु भएको छ। भूमे गाउँपालिकाले २०७४ सालमा कार्यविधि निर्माण गरेर २०७७/०७८ साल देखि शैक्षिक प्रमाणपत्र धितो राखेर विना ब्याजमा विपन्न घर परिवारका माध्यमिक शिक्षा कक्षा १० पास गरेर बसेका विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्नको लागि शैक्षिक ऋण र छात्रवृत्तिको को व्यवस्था गरिएको छ। विद्यार्थीलाई राम्रोसँग पढाएर गाउँपालिका भित्र नै उच्च शिक्षा र प्राविधिक धारतर्फ जनशक्ति उत्पादन गर्ने उद्देश्यले गाउँपालिकाले किस्ताबन्दीमा ऋण दिदैं आएको छ। अहिलेसम्म विभिन्न विषयमा गाउँपालिका देखि ८ जना विद्यार्थीहरू आफुले चाहे जस्तो र खोजे जस्तो विषय पढिरहेका छन्। यस आर्थिक वर्षमा शैक्षिक ऋण दिएर पटाउनको लागि सूचना प्रकाशन गरिएको छ। गाउँपालिकामा लोक सेवा तयारी कक्षा, निःशुल्क आधारभूत कम्प्युटर शिक्षा पढाउने लगायत कार्यक्रम ल्याएको छौं।

**अन्तमा केही भन्न चाहानु हुन्छ ?**

हामीले व्यक्तिगत स्वार्थको लागि कसैले काम गरेका हुदैनौं। सबै राम्रो भलाईको लागि गरिरहेका हुन्छौं। सबै विद्यालयमा विद्यालय सुधार योजना निर्माण एवं अद्यावधिक गर्नु पर्छ। विद्यालय सुधार योजना निर्माणको क्यालेन्डर निर्माण गरिएको छ। धेरै कुरा राख्ने अवसरको लागि भूमे साप्ताहिक पत्रिकाका बालाराम शेर्पाली ज्यु लगायत यहाँको टिमलाई धन्यवाद।

## *भूमे गाउँपालिका वडा नं. २ स्थित काँक्रीकी सिद्ध चौर मावि लुगुममा कक्षा १२ अध्यनरत छात्रा आस्था विश्वकर्माले लेख्नु भएको*

## *साहित्य मुक्तक*



कहिल्यै नफेरीने भयो हाम्रो देशको शासन सत्ताको रिती ! भित्र भित्रै खस्किदै छ। हाम्रो देशको गतिविधि ! बारम्बार एउतै मान्छेले देश चलाउन थालेपछी ! सधैं उस्तै हुने भयो जनता अनि हाम्रो देशको परिस्थिती !

वारिको कथा ब्यथा पारिले बुज्दैन ! देशको कथा ब्यथा भ्रष्टाचारिले बुज्दैन ! बिचरा के बुझुन पुरुष भनाउँदाहरुले, यहाँ नारिको कथा ब्यथा नारिले बुज्दैन ! खै के भनु प्रधानमन्त्री ले नै बच्चा जन्माउनु भने पछी ! युवाको माग कहिले पुरा हुन्थ्यो र खाडी पठाउन थाले पछी !

चोखो माया गर्छु भनी दाल्ने रहेछन ! जीवन भरी साथ दिन्छु भनी बिच बाटवमा छाल्ने रहेछन ! पहिले भरी तिमी बिना बाच्न सक्दैन भन्ने हरुले !! आफ्नो स्वार्थ पूरा गरि मार्न आल्ने रहेछन !

कस्ले देखेको छ देशको हालत कस्तो छ ! भ्रष्टाचारी देश मा आफ्नै पसिना सस्तो छ ! सानो सानो कुरामा नि आफन्त खोजे पछि ! मुसा र बिरालो को झगडा मिलाउन पनि पावर लगाउन पर्छ जस्तो छ !!

छिमेकिले अन्तरीक्षमा यान पठायो ! मेरो देशले खादिमा जवान पथायो ! बल्ल बल्ल धन कमाउन बिदेश गएको छोरा !! त्यस्ले पनि परिवार बिर्सी अर्काको बुढीलाई सामान पथायो !!

दुर्गन्धित ठाउँमा सुगन्धित फुल फुलाईदेउ सरकार ! विकासक्रम लम्किदै छ भ्रष्टाचारीलाई जलाईदेउ सरकार ! गाउँमा विकास भयो देशमा विकास भयो भन्छन सबैले ! माथी रन्मा मैकोट तल देउखोलाको बाटो खुलाईदेउ सरकार !

# जैविक सुरक्षा गर्दा व्यवसाय फस्टाउँछ

❖ नारायण ओली

कुखुरापालनमा जैविक सुरक्षा गर्नु भनेको रोगको कारक तत्वहरुलाई पंक्षीबाट र पंक्षीलाई रोगको कारक तत्वबाट टाढा राख्ने व्यवस्था बुझाउंछ। पंक्षीलाई रोगव्याधीबाट जोगाउने र नियन्त्रण गर्ने सम्बन्धमा उपलव्ध प्रविधिहरुमा जैविक सुरक्षा नै सबैभन्दा सस्तो र भरपर्दो उपाय ठहरिएको छ।पंक्षी व्ययसायको सफलता नै आफ्नो पंक्षीको स्वास्थ्य सुरक्षामा निर्भर गर्दछ।पंक्षीको बर्डफ्लु, रानीखेत जस्ता सिमाविहिन रोग देखि लिएर अन्य महामारी लगायतका विभिन्न रुपमा फैलिने रोगहरुलाई समेत आफ्नो फार्ममा प्रवेश गर्न र संक्रमण गर्नमा रोक लगाउन अवलम्बन गरिने जैविक सुरक्षाका चरणबद्ध उपायहरु निम्नानुसार अपनाईन्छ।

**जैविक सुरक्षाका प्रमुख तिन अंगहरुलाई देहाय अनुरुप छुट्टा छुट्टै बर्णन गरिएको छ**

**अलग गर्ने** आफ्नो पंक्षीलाई अन्य पशुपंक्षी तथा रोगका जीवाणु वा विषाणुको संसर्गबाट टाढा अलग्याएर राख्नु पर्दछ।यसो गर्दा रोग उत्पन्न गर्न शुक्ष्म जीवहरु र रोगका सम्वाहकहरको संसर्गबाट आफ्ना पंक्षीहरु अलग राख्न सकिने र पंक्षीको समुहमा रोग प्रवेश गर्न नसक्ने भएकोले पंक्षीहरु सुरक्षित रहन सक्दछन्।रोगको जीवाणु बोकेर हिंड्ने मानिस, पशुपंक्षी, जंगली जनावर, गाडी, चरा, मुसा जस्ता रोगको सम्बाहक र कारक तत्वहरुलाई आफ्नो पंक्षी फार्ममा प्रवेश हुनबाट रोक लगाउने र अनावश्यक रुपमा अन्य पशुपंक्षीको संसर्गमा आफ्ना पंक्षीलाई नराख्ने वातावरण सृजना गर्नु पर्दछ।यसको लागि निम्नानुसार गर्नु पर्दछ।फार्ममा पंक्षी राख्दा खोरमा जाली लगाउने र बजारमा राख्दा सुरक्षित खोरमा राख्ने।कुखुरापालन गर्दा एकै पटक कुखुरा भित्र्याउने र एकै पटक बाहि¥याउने गरी एकै पटक अन्त्य गर्ने यगत सिद्धान्तमा आधारित व्यवस्थापन प्रणाली अपनाउने।यसबाट पुरै फार्म एकैपटक निःसंक्रमण गर्न सहज हुन्छ।

**पंक्षी फार्म भित्र र फार्म बाहिर हुने मानिस,चराचुरुङ्गी, दाना, अण्डा, गाडी तथा सरसामग्रीहरुको अनावश्यक आवतजावत तथा आवागमनमा नियन्त्रण गरी रोगको प्रवेशमा रोक लगाउनु पर्दछ।** अनाधिकृत व्यक्तिलाई फार्म परिसर भित्र पस्न रोक लगाउने।फार्मको काममा प्रयोग नगरिने सबै गाडीहरुलाई फार्मको प्रवेश गेटमा नै रोक्न लगाउने।काम गर्ने बेलामा

पहिले निरोगी र त्यस पछि रोगी अनि पहिले चल्ला र पछि माउको हेरचाहको कार्य गर्नु पर्दछ।

- पंक्षीका व्यापारीहरुलाई फार्म भित्र पस्न नदिने।
- कुखराको खोर वा छुट्टा छुट्टै कोठाका लागि छुट्टै भित्र पस्दा लगाउने जुत्ता राख्ने।
- फुट वाथको व्यवस्था मिलाउने।
- पंक्षी बजारमा एक तर्फबाट पस्ने र अर्को तर्फबाट निस्कने व्यवस्था मिलाउनु पर्दछ। पंक्षी बजारमा विक्रीको लागि लगिएको पंक्षी पुःन फार्ममा फिर्ता नल्याउने। यसको लागि पंक्षी बजार निर्माण गर्दाको अवस्थामा नै ध्यान पु¥याउने।
- बजारमा पसेको मानिस एक तर्फबाट पसे पछि अर्को तर्फबाट मात्र निस्कन मिल्ने गरि पंक्षी बजार निर्माण गर्ने।
- फार्मबाट पंक्षी ओसारपसार गर्ने गाडीलाई लोड अनलोड गर्न उपयुक्त स्थान निर्माण गर्ने। एक ठाउंबाट मात्र लोडअनलोड गर्नाले त्यस्तो परिवेशको सरसफाई तथा निःसंक्रमण गर्न सहज हुने गर्दछ।

***सरसफाई*** नियमित रुपमा पंक्षीको खोर, प्रयोग हुने दानापानीको भांडावर्तन, गाडी तथा कामदार समेतको सरसफाई र निःसंक्रमणमा राम्ररी ध्यान दिनाले रोग उत्पन्न गर्ने शुक्ष्म जीवहरुको फार्ममा प्रवेश हुन पाउंदैन। पंक्षी व्यवसायसित सम्बन्धित खोर, फार्ममा प्रयोग हुने सामग्रीहरु, गाडीका साथै मानिसले समेत तल दिए अनुसार सरसफाई र निःसंक्रमणको विधि अपनाउनु पर्दछ।

- कुखुराको फार्ममा काम गर्ने कामदारहरुले काम सकिए पछि हातगोडा राम्ररी सफा गर्ने अनि लुगा र जुत्ता फेर्नु पर्दछ। यसरी राम्ररी सरसफाई नगरिकन अर्को फार्ममा पस्नु पनि हुंदैन।
- फार्ममा प्रयोग भएका विभिन्न सामग्रीहरु (दानापानी खाने भांडा, औजार तथा उपकरण आदि) लाई नियमित रुपमा सरसफाई र निःसंक्रमण गर्ने
- फार्ममा राम्रो ढलको व्यवस्था गर्ने।
- प्रयोग भएको सोत्तरलाई संधै सुख्खा राख्ने व्यवस्था मिलाउने।
- फार्मबाट निस्केको पानी फेरी प्रयोग गर्नु हुंदैन।
- कुखुरा फार्म वरिपरिको क्षेत्रमा किराफटेंग्रा, चरा, मुसा लगायतका जीव पेष्ट नियन्त्रण कार्य गर्ने। जैविक सुरक्षाको पूर्वाधार भनेको असल व्यवस्थापन पद्धति अनुसार पंक्षीपालन

गर्नु हो भन्ने कुरालाई कुखुरापालकले जहिले पनि मनन गर्नु पर्दछ।

**बजारमा ढुवानी गर्दा ध्यान दिनु पर्ने जैविक सुरक्षाका उपायहरु**

- जैविक सुरक्षाका विधिहरु राम्ररी पालन गर्ने विश्वासिलो उत्पादकहरुबाट मात्र स्वस्थ पंक्षीहरु खरीद गरि ढुवानी गर्नु पर्दछ।
- रोगका लक्षण देखाई रहेका वा रोग लागेको शंका लागेमा त्यस्ता पंक्षीहरु विक्री वितरणको लागी खरिद गर्नु हुंदैन।
- एकै पटकमा वा एकै दिनमा धेरै फार्मबाट पंक्षी संकलन नगर्ने।
- पंक्षी डिलर र पंक्षी ढुवानी गर्ने टोकरीलाई कहिल्यै पनि फार्म भित्र ल्याउन नदिने। पंक्षीको कारोबार फार्म बाहिर नै गर्नु पर्दछ।
- कामदार वाहेक अन्य व्यक्ति पंक्षी संकलन गर्न खोर भित्र छिर्नु हुंदैन र पंक्षीलाई पालन गरेको फार्म भन्दा केही टाढा निश्चित स्थानमा संकलन गर्नु पर्दछ।
- पंक्षी ढुवानी गर्ने साधनमा मानिस बोक्नु हुंदैन साथै अन्य पशुपंक्षीसित मिसाएर ढुवानी गर्न पनि हुंदैन पंक्षी रोग फैलिएको समयमा रोगलाई थप फैलन नदिन पंक्षीको आवत जावतमा लगाईएको रोकको पालना सदैव गर्नु पर्दछ।
- ढुवानीमा प्रयोग गरिने प्लाष्टिक तथा धातुको सामग्रीहरु सजिलै सफा गर्न सकिने खालको हुनु पर्दछ भने स्थानियस्तरमा बांस तथा डोरीबाट बनेका टोकरी आदिलाई बदल्ने वा काम नलाग्ने वा पुरानो भए पछि डढाएर नष्ट गर्नु पर्दछ।
- पंक्षी ढुवानीमा प्रयोग भएका गाडा, मोटरसाईकल, पिकअप, जीप , आदिलाई ढुवानी कार्य समाप्त भए पछि राम्ररी सफा र निःसंक्रमण गर्नु पर्दछ।

**विक्रेताहरुले ध्यान दिनु पर्ने जैविक सुरक्षाका विधिहरु**

बजार व्यवस्थापनले प्रभावकारी जैविक सुरक्षाका उपायहरु अवलम्बन गर्न आवश्यक पूर्वाधारहरु तथा सुविधाहरु उपलव्ध गराए पनि अन्ततोगत्वा स्वस्थ एवं स्वच्छ उत्पादनको लागि दैनिक रुपमा सरसफाई गर्ने जिम्मा पंक्षी विक्रेताहरुको नै हुने भएकोले विक्रेताहरुले निम्नानुसार जैविक सुरक्षा विधि अपनाउनु आवश्यक देखिएको।

- जैविक सुरक्षाको विधि अपनाई भरपर्दो श्रोतबाट मात्र पंक्षी खरीद गरि स्वस्थ र गुणस्रीय पंक्षीहरुको व्यवसाय संचालन गर्नु पर्दछ। एउटै खोर वा पिंजडा वा टोकरीमा विभिन्न उमेर र जातको पंक्षी वा मनोरंजनको लागि पालिएका पंक्षीहरु (सुगा, मैना, कालिज जस्ता) मिसाउनु हुंदैन।

- सकेसम्म एउटै श्रोतबाट मात्र पंक्षी खरीद गर्नु पर्दछ। विक्री वितरण गर्ने निश्चित दिनमा नयां पंक्षीहरु नभित्राउने।
- विक्री नभएका पंक्षीहरुलाई जुन फार्मबाट लगेको हो सोहि फार्ममा फिर्ता ल्याउनु हुंदैन र यस्ता पंक्षीहरुलाई वध गर्नु पर्दछ।
- आफुसित भएको पंक्षीहरु विरामी भए नभएको सदैव चनाखो भएर निगरानी राख्नु पर्दछ यदि विरामी भएको शंका लागेमा स्वस्थहरुबाट अलग गरी बेग्लै खोर वा टोकरीमा राख्नु पर्दछ।
- विक्रेताले बजारमा विक्रीको लागि ल्याएको पंक्षीको सही तथ्यांक राख्नु पर्दछ। आफुले ल्याएको पंक्षीहरु असामान्य तरिकाले विरामी भए वा मर्न लागेमा तुरुन्तै सम्बन्धित निकायहरुमा (पशु सेवा केन्द्र, जिल्ला पशु सेवा कार्यालय, गा.वि.स.) यथासक्य चाडो खबर गर्नु पर्दछ।

### हाटबजारमा जैविक सुरक्षा विधि

नेपालमा पशुपंक्षी बेचविखनमा हाटबजारको भूमिका महत्वपूर्ण रहेको छ। तर धैरे तिरका पशुहरु हाटबजारमा ल्याईने भएको र पशुहरु उक आपसमा सम्पर्कमा आउने, व्यापारहिरु मोलमोलाई गर्दा, पशुहरुलाई छुंदा रोग संक्रमणको संभावना अत्यधिक रहन्छ। अतः देहायका जैविक सुरक्षाका उपायहरु उपयोगी हुने देखिन्छ।

- हाटबजारमा विरामी वा शंकास्पद विरामी पशुलाई अलग्गै राख्ने र उपचार गर्ने व्यवस्था मिलाउने।
- पशु ढुवानीमा प्रयोग हुने सवारी साधनको सरसफाई र निःसंक्रमण प्रत्येक पटकको पशु ढुवानी पश्चात राम्रोसंग गर्ने।
- हाटमा विक्रीको लागि ल्याईएका पशुलाई सकभर पुनः फिर्ता नलैजाने तर लैजानु परेको अवस्थामा वा हाटबजारबाट खरिद गरेर घर लैजानु परको अवस्थामा गोठमा पालिएका अरु पशुहरुसंग नमिसाई करिब हप्तासम्म अलग्गै राख्ने।
- हाटबजारको मलमुत्र लगायतका फोहोर निष्कासन उचित किमिले गर्ने।
- बजार लाग्ने स्थान वरपर संक्रामक रोग फैलिएको अवस्थमा हाटबजारमा रोगी पशु नल्याउन प्रचार प्रसार गर्ने। संभव भएमा केहि समय (रोग साम्य नभएसम्म बजार बन्द गर्नु पर्ने हुन्छ)।
- हाटबजारको माध्यमबाट पशुपंक्षीहरुको रोग फैलिन सक्ने बारे व्यापारी, कृषकहरु, ढुवानीकर्ता, सवारी चालक, हेल्परलाई समेत सचेत गराउने।

# शैक्षिक ऋणको लागि निवेदन पेश गर्ने सूचना

भूमे गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**

खाबाङ्बगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. (शिक्षा)२०८१/२०८२
च.नं.:१४६

मितिः २०८१/०४/३०

विषयः शैक्षिक ऋणको लागि निवेदन पेश गर्ने सम्बन्धमा ।

श्री जो जस सँग सम्बन्ध राख्दछ,
भूमे गाउँपालिका, रुकुम पूर्व।

प्रस्तुत विषयमा चालु आर्थिक बर्ष २०८१/०८२ मा शिक्षा तर्फ शैक्षिक छात्रवृति तथा शैक्षिक कर्जा कार्यक्रम अन्तर्गत **भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका,२०७७ प्रथम संशोधन २०८०** बमोजिम यस गाउँपालिका भित्र स्थायी बसोबास गर्ने इच्छुक गरिब तथा जेहेन्दार विद्यार्थीहरुले प्राविधिक शिक्षा अध्ययनको लागि **भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका,२०७७ प्रथम संशोधन** २०८० को अनुसूची-१ बमोजिम निवेदन सम्बन्धित वडा कार्यालयमा पेश गर्न अनुरोध छ। साथै **भूमे गाउँपालिकाको शैक्षिक ऋण दिने सम्बन्धी निर्देशिका,२०७७ प्रथम संशोधन** २०८० भूमे गाउँपालिकाको web site बाट प्राप्त गर्न सकिने छ।

(देबिलाल वि.क.)
प्रमुख प्रशासकीय अधिकृत
देवीलाल वि.क.
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री वडा कार्यालयहरु सबै, **(सहजीकरण तथा व्यवस्थापन गरी दिन हुन)।**
श्री सूचना अभिलेख केन्द्र, **(web site मा upload गर्न हुन)**

सम्पर्क नं. ९७६२५२७१११, ९७६२५२७१३०, ९८४९६१९९१३

## खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रूकुम पूर्वको सूचना

### पूर्ण सरसफाइ प्राप्तिको लागि निम्न कुरा अबलम्बन गरौं।

- दिसा पिसाबका लागि चर्पीको मात्र प्रयोग गरौं।
- दिसा पिसाब गरिसकेपछि, खाना पकाउनुअघि र
- खाना खानु अघि साबुनपानीले राम्रोसँग हात धुने गरौं।
- घरायसी तहमा पिउने पानी को सुरक्षित व्यवस्थापन र शुद्धिकरण गरौं।
- व्यक्तिगत सरसफाइमा ध्यान दिऔं।सुरक्षित खानाको प्रयोग गरौं ।
- घरभित्र र बाहिरका तरल, पच्ने ठोस र नपच्ने ठोस फोहोरमैलाको उचित व्यवस्थापन गरौं।